नेपाल सरकार
शिक्षा मन्त्रालय
छात्रवृत्ति शाखा
केसरमहल, काठमाण्डौं

**प्रकाशित मिति : २०७३।१२।२१**

**नेपाल सरकारलाइ मित्रराष्ट्र रुस सरकारले उपलब्ध गराएको छात्रवृत्ति छनोटका लागि योग्यताक्रम कायम गर्ने प्रयोजनका लागि दरखास्त माग सम्वन्धी अत्यन्त जरुरी सूचना**

नेपाल सरकार शिक्षा मन्त्रालयलाई रुस सरकारबाट Bachelor of Engineering (Civil Engineering), विषयमा प्राप्त २ सीट आंशिक छात्रवृत्ती (१ सीट साधारण र १ सीट आरक्षण महिला) मा अध्ययनका लागि छात्रवृत्ति सम्बन्धी (छैटौ संशोधन) नियमावली २०६० अनुसार योग्यताक्रम कायम गर्नुपर्ने भएकोले देहायको योग्यता पुरा गरेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

१) दरखास्तका लागि आवश्यक न्यूनतम योग्यता

क) शिक्षा मन्त्रालयमा जुन विषयको योग्यताक्रम कायम लागि दरखास्त पेस गर्न चाहेको हो सोही विषयको त्रिभुवन विश्विविद्यालय अन्तगर्तको अध्ययन सस्थान/सकायले २०७३ सालमा सञ्चालन गरेको स्नातक तहको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनुपर्नेछ ।

| SN | Subject | Eligibility |
|---|---|---|
| 1 | Bachelor of civil Engineering (Civil Engineering), | As specified by Tribhuvan University, Institute of Engineering, Dean office |

२) दरखास्तको म्याद तथा माध्यम सम्बन्धी व्यवस्थाः

मिति २०७३ साल चैत्र २२ गते देखि २०७३ साल चैत्र २८ गते सम्म शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखा, केसरमहलमा दरखास्त दिन सकिने छ ।

३) राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरुले राजस्व वापतको रकम रु १००० एक हजार राष्ट्रिय वाणिज्य बैक ठमेल शाखा वा छात्रवृत्ति शाखा केसरमहल परिसरमा रहेको बैक काउन्टरमा दाखिला गरी सोको भौचर दरखास्त दर्ता प्रमाणको निस्सा लिन तोकिएको मितिमा छात्रवृत्ति शाखामा बुझाउनु पर्नेछ ।

४) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु

क) साधारण समूह (General Group)

- पूर्णरुपमा भरिएको आवेदन फाराम
- राजस्व बुझाएको सक्कल भौचर

- ❖ नागिरकता प्रमाण पत्रको प्रतिलिपि
- ❖ त्रिभुवन विश्वविद्यालय अन्तगर्तका अध्ययन इन्जिनियरिङ्ग अध्ययन संस्थानले सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर Rank / Merit, विषय, दर्ता नम्बर
- ❖ १० जोड २/प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक यवग्यताको Transcript, Character certificate/Original/Provisional certificate को प्रतिलिपि ।
- ❖ शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सबै वा कुनै तहको सम्बन्धित बोर्डबाट जारी गरिएको transcript वा मार्कसिटका साथ pass verification certificate/degree provisional certificate/migration certificate का साथ त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकासकेन्द्रबाट प्रतिशत खुलाएको पत्र समेत पेस गर्नुपर्ने छ ।
- ❖ एसएलसीको मार्कसिटको प्रतिलिपि
- ❖ नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

ख सामुदायिक विद्यालय (Community School Group) तर्फको आरक्षण समूहः

१) विपन्नताको सिफारिस, सरकारी विद्यालय सम्बन्धी सिफारिस पत्र पेश गरेका महिला उम्मेदवारका लागि मात्र

२) यस समूहमा दरखास्त पेश गर्ने उम्मेदवारहरुले माथि साधारण समूह (general Group) का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेतको सक्कल प्रति सहितको फोटोकपी पेश गर्नुपर्नेछ ।

क) SLC उत्तीर्ण गरेको विद्यालय सामसदायिक सरकारी हो भनी जिल्ला शिक्षा कार्यालयले प्रदान गरेको सिफारिस पत्र ।

ख) सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली, २०६० को अनुसूची १ अनुरुपको ढाँचामा मिति २०७२ साल चैत्र २२ गते पछि दरखास्त फाराम भर्ने अन्तिम मिति सम्ममा जारी गरेको विपन्नताको सफारिस पत्र ।

| |
|---|
| आरक्षण तर्फ दरखास्त पेस गर्ने उम्मेदवारलाई स्वतः General group साधारण समूह मा समेत समावेश गरिनेछ । |

७ योग्यताक्रमः

क) रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुले सम्बन्धित अध्ययन संस्थान वा संकायले सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज प्रमाण समेतको अधारमा नियमानुसार शिक्षा मन्त्रालयको साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गरिने छ ।

ख) यो सूचना बमोजिम इन्जिनियरिङ्ग तर्फ नियमानुसार छात्रवृत्तिमा मनोनयन गर्दा मन्त्रालयको योग्यताक्रममा रहेका मध्येबाट मूल योग्यताक्रमका आधारमा गरिने छ ।

८। विपन्नताको सिफारिसः देहाय अनुसारको ढाँचामा विपन्नताको सिफारिस मिति २०७३/१२/२२ गते देखि दरखास्त पेस गर्ने दिनसम्ममा सम्बन्धित व्यक्ति बसोबास गरेको गाउपालिका।/न।पा। को सिफारिस पत्रमा आधिकारीक पदाधिकारीबाट प्रमाणित भएको हुनुपर्ने छ । अन्यथा दरखास्त आरक्षण तर्फ अस्विकृत भई साधारण तर्फ मात्र कायम हुने व्यहोरा हुने समेत जानकारी गराइन्छ ।

अनुसूची–१ख.

(नियम १३क. को उपनियम (३) सँग सम्बन्धित)

श्री शिक्षा मन्त्रालय
केसरमहल, काठमाडौं ।

विषय :– विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ........................ को नाति/नातिनी श्री ....................... .. को छोरा/छोरी ............ जिल्ला ................. गाउपालिका/नगरपालिका. .............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती .................... मिति .......... देखि ........ सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ...................................................................................................................................... ........................................ कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको,–
सही :
नाम:
पद:
कार्यालय:
मिति:

कार्यालयको छाप :